# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

## Madan Bhandari Academy of Health Sciences

(मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ अन्तर्गत स्थापित)

बागमती प्रदेश, हेटौंडा, नेपाल

पत्र संख्याः- ०७७/०७८ हेटौंडा

चलानी नं. :- ४१५ मिति २०७८/०३/१७

**विषयः सम्झौता गर्न आउने सम्बन्धमा।**

श्री अमित कन्स्ट्रक्सन

बसामाडि, हेटौंडा

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सभाकक्ष र मुख्य कार्यालयमा कम्पाउण्ड वाल निर्माणको लागि यस प्रतिष्ठानबाट मिति २०७८/०१/१० मा प्रथम पटक प्रकाशन भएको बोलपत्र आव्हानको सूचना नं. MBAHS/WORKS/NCB/2077-78/02 सम्बन्धमा त्यस फर्मले पेश गरेको बोलपत्र अनुसार त्यस फर्मको मूल्य अभिबृद्धि कर बाहेकको कबोल अंक रु. रु. ५३,८१,९२८.७५ (रु. त्रिपन्न लाख एकासी हजार नौ सय अठ्ठाइस र पैसा पचहत्तर मात्र मु.अ.कर बाहेक) कायम भएको बोलपत्र स्वीकृत गरिएको व्यहोरा यो सूचनाद्वारा जानकारी गराउँदछौं।

औपचारिक रुपमा करार सम्झौतामा हस्ताक्षर गर्न यो पत्रको मितिले पन्ध्र (१५) दिनभित्र यस कार्यालयमा उपस्थित हुन तपाईलाई सूचित गरिन्छ । दरभाउपत्र सम्बन्धी कागजातको शर्तहरु बमोजिम, तोकिएको ढाँचा अनुरुपको बैंक ग्यारेण्टी सहितको करारका विषेश शर्तहरुमा तोकिए अनुसारको २०८० श्रावण मसान्तसम्म अवधि रहेको कार्य–सम्पादन जमानत रु. १३,९७,०००.०० (रु. तेह्र लाख सन्तानब्बे हजार मात्र) पेश गर्नु पर्ने व्यहोरा पनि तपाँईलाई जानकारी गराईन्छ ।

माथि तोकिएको म्याद भित्र कार्यसम्पादन जमानत पेश गर्न र करार सम्झौतामा हस्ताक्षर गर्न तपाँई सफल नभएमा तपाईले पेश गर्नु भएको दरभाउपत्र जमानत खरिदकर्ताले जफत गर्ने व्यहोरा पनि तपाँईलाई जानकारी गराईन्छ ।

(राजेश प्रसाई)

रजिष्ट्रार